# तेस्रो भाग
# चेलापनको रहस्यको समझ

१. क्रूसको समझ (भाग १) : क्रूसको शक्ति १२१
२. क्रूसको समझ (भाग २) :क्रूसको रहस्य १२८
३. क्रूसको समझ (भाग ३) :क्रूसको गुण १३३
४. प्रेम के हो ? १३९
५. भग्न र सेवक हृदय १४८
६. येशूको दु:ख, कष्ट र परीक्षा १५७
७. पवित्रता र परमेश्वरको आगोको ज्वालाको स्पर्श १६८

# १. क्रूसको समझ (भाग १) : क्रूसको शक्ति

क. मुख्य पदहरु

| | |
|---|---|
| १कोरिन्थी १:१७-१८ | फिलिप्पी २:५-११ |
| गलाती ६:१४ | फिलिप्पी ३:२०-२१ |
| यशैया ५२:१३ - ५३:१२ | |

ख. परिचय

क्रिश्चियन विश्वासको केन्द्रमा खीष्टको क्रूस रहेको छ. यो बिना हाम्रो विश्वास निरर्थक छ र यसको सत्यता भन्दा बाहिर इसाइ धर्म केवल जीवनको दर्शन अनि शब्द र विचारहरुमात्र भएर रहन्छ. परमेश्वरको बारेमा एक झोला विचारहरु हामीलाई दिन येशू खीष्ट आउनु भएको होइन, उहाँ हाम्रो निम्ति मर्न आउनुभयो (मर्कूस ८:३१). चेलाहरुलाई तालीम दिने परिप्रेक्षमा येशूको निम्ति क्रूस एक अपरिहार्य विषय थियो. परमेश्वरको राज्यको सार्थकताको निम्ति आवश्यक पूर्ण समर्पण बारे जोड दिन उहाँले क्रूसको सच्चाईलाई प्रयोग गर्नुभयो. "क्रूस उठाउनु" भनेको के हो उहाँ आफैंलाई थाहा थियो. त्यसकारण उहाँका चेलाहरुले आफ्नो क्रूस उठाएर उहाँको पछि लागुन् भन्ने उहाँ चाहनुहुन्थ्यो (लूका ९:२३).

ग. मृत्युको कष्ट

हाम्रो आफ्नै निम्ति क्रूसको दु:ख र भयावहतालाई जोड दिनुमा कुनै फाइदा छैन तर खीष्टको कष्टको सच्चाइभित्र हामीले प्रवेश गर्न आवश्यक छ. त्यसपछि मात्र हामी सबैलाई बचाउनको निम्ति क्रूसद्वारा परमेश्वरले गर्नुभएको कामको मूल्य अनि येशूको मृत्युद्वारा परमेश्वरले हाम्रो निम्ति प्राप्त गर्नुभएको उपलब्धिहरुका लागि उहाँले लगाउनु भएको गुणप्रति हामी कृतज्ञ हुनेछौं. धेरै समयसम्म हामी क्रूसलाई साधारण दर्जा दिएर जिएका छौं. यसको भयावहतालाई ढाकछोप गरेर हामीले यसको सामर्थ्यलाई कम गरेका छौं. पवित्र आत्मा खीष्टको बलिदानको महत्वलाई हामीले थाहा पाएको इच्छा गर्नुहुन्छ. किनभने क्रूसको यो कार्य हाम्रो जीवन र सेवकाईको केन्द्र हुनुपर्छ. परमेश्वरको प्रिय पुत्र संलग्न हुनुभएको त्यो शरम तथा कष्टको सम्बन्धमा धर्मशास्त्र मौन रहेको छैन. खीष्ट मर्नुभएको

तथ्यमात्र हाम्रो निम्ति महत्वपूर्ण नभएर उहाँ कसरी मर्नुभयो भन्ने कुरा हामी प्रत्येकको निम्ति बडो महत्वको छ. ख्रीष्टको मृत्युबारे पुरानो नियमका अगमवाणीहरुले उहाँको कष्टको विवरणमाथि पनि उत्तिकै जोड दिएको छ (यशैया ५०:६; भजन २२:१२-१८). मण्डलीहरुमा हामीले येशूलाई हाम्रै आकारमा ढालिसकेका छौं र उहाँको मृत्युलाई हाम्रो आफ्नै भावनात्मक र धर्मशास्त्रीय संकिर्ण समझ अनुरुपको बनाएका छौं. हामीले क्रूसको गहन भयावहतालाई बुझ्यौं भने हाम्रो पापको सम्पूर्ण विवरणलाई पनि बुझ्नेछौं अनि हाम्रो हृदयको गहिराइदेखि पछि फर्केर ती कुराहरुको स्मरण गर्नेछौं. त्यस दिन क्रूसमा घटेको घटना सुन्दर थिएन. रोमीहरुले हिर्काएको कोर्रामा कुनै भावना थिएन र क्रूसमा चढाएर तिनीहरुले दिएको दण्डमा मानिसले सोच्नसक्नेभन्दा बढी क्रुर तरीका अपनाइएको सबैले स्वीकार गरेका थिए. यस्तो मृत्यु पीडाजनक, शर्मनाक तर भयंकर थियो. कलवरीको गहिराइलाई हामीले देख्नुपर्छ. हामीले पाउने र पाउनसक्ने सबैकुरा प्रेमको यही कामद्वारा पूरा भएको हामीले अनुभव गर्नुपर्छ. त्यो भन्दा पनि बढी परमेश्वरको निम्ति हामी जिउने हो भने हामीले पनि त्यही बाटो अख्तियार गर्नुपर्छ

घ. क्रूसको सामर्थ्य

येशू साधारण र नियमित तवरले क्रूसमा टाँगिनु भएको थिएन. उहाँलाई सबैका सामून्ने बेइज्जत गरिएको थियो र पिलातसको अगाडि खिज्याउदै कठघरामा उभ्याइएको थियो. त्यहाँ येशूलाई गाली गर्ने, पिट्ने र शरीरमा क्षत विक्षत गर्नेदेखि लिएर उहाँको दाह्री उखेल्ने, कांडाको मुकुट उहाँको शिरमा राखेर उहाँको राजाको दावीमाथि खिल्ली उडाउने कार्य समेत भएको थियो. गेत्समनीको बगैंचामा यस्तो बेइज्जतपूर्ण अवस्थाबाट गुज्रनुपर्ने कुरा उहाँलाई थाहा थियो (यो सत्यको गिलासबाट पिउनुपर्ने कुरा उहाँलाई गेत्समनीको बगैंचामा थाहा भएको थियो). उहाँले आफूमा यस्तो दवाव अनुभव गरिरहनुभएको थियो जसले गर्दा उहाँको निधारबाट रगतका थोप्ला निस्कन थाल्यो. जब सिपाहीहरु क्रूसमा आए येशूको मृत्यु पहिले नै भैसकेको तिनीहरुले देखे त्यसकारण उहाँको गोडा तिनीहरुले भांचेनन्. यसको सट्टा तिनीहरुले उहाँको कोखामा घोपे र त्यहाँबाट पानी र रगत निस्क्यो. यसको अर्थ मुटु फुटेर उहाँको मृत्यु भएको थियो. उहाँको हृदय फुटेकोले रगत जमेको थियो. उहाँको कोखामा घोपिएकोले कोखाबाट रगत र प्लाज्मा छुट्टाछुट्टै बगेको थियो.

उहाँको आत्मिक कष्टका बारेमा हामी कुरा गर्न आरम्भ गर्न सक्दैनौं. यी कुराहरु हामीबाट लुकेका छन् किनभने परमेश्वरको पुत्रको निम्ति आफ्ना पिताद्वारा त्यागिनुको के अर्थ हुनसक्थ्यो त्यो बुझ्न हामी असमर्थ छौं. उहाँको ओठबाट निस्केको यो क्रन्दन भजन २२:१ ले प्रतिध्वनित गरेको छ. "मेरो परमेश्वर तपाईंले मलाई किन त्याग्नुभएको छ ?" यो वाक्यमा हामीले कहिल्यै बुझ्न नसक्ने कष्टको गहन पीडा लुकेको छ. केवल संयोगले उक्त घटनाहरु घटेका होइनन भनेर हामीले बुझ्नुपर्छ. मानिसहरुले उहाँलाई लिएर गएका थिए तर तिनीहरुले चाहे अनुसार घटना घटिरहेको थिएन. कल्वरीको डरलाग्दो सत्य नै यही हो, - सबै कुराको नियन्त्रण परमेश्वर पिताले गरिरहनु भएको थियो. प्रत्येक मानिसको प्राणको निम्ति पिताले येशूलाई बलिदान गरिरहनु भएको थियो. हाम्रो दोषको परिमाणलाई यसले अझ प्रष्ट्याएको देखेपछि हामी स्तब्ध हुन्छौं (प्रेरित २:२३). परमेश्वरले कुनै रहस्यमय तरीकाद्वारा हाम्रा सारा दोष येशूमाथि राखिदिनुभयो र उहाँका कष्टहरु मार्फत हामीले छुटकारा पायौं (यशैया ५३:४-५).येशूको कष्टको प्रत्येक विवरण हाम्रो हरेक आवश्यकताहरुमा क्रूसको शक्ति र यसको ज्वलन्त उपादेयता हामीलाई प्रष्ट भएको छ. मानिसको पतनको समयदेखि नै शैतानले स्त्री र पुरुषहरुलाई आफ्नो दासत्वमा राख्यो. मानिसहरु पाप, रोग, नैराश्य जुन वास्तवमा मानव अनुभव रहेको छ तिनीहरु त्यसका बन्धनमा परे. परमेश्वरको आज्ञा नमानेकोले मानिस हरेक किसिमका दु:ख र कष्टमा परे. हरेक आत्मिक र भावनात्मक बन्धनहरु, अनाज्ञाकारिताले गर्दा शैतानले मानिसमा ल्याउने हरेक कष्टहरु पनि कलवरीको शक्तिद्वारा क्रूसमा ती सबै वेदनाहरुमाथि विजय प्राप्त गरिएको छ.

## ङ. मानिसका छ्वटा दु:खहरु

उत्पत्तिको छैठौं अध्यायमा पापका परिणामहरुबारे हामीलाई प्रष्ट पारिएको छ. परमेश्वरको आज्ञा विपरीत गएर मानिसको पतन भएपछि यो अनाज्ञाकारिताको दिक्कलाग्दो परिणामहरुका बारेमा हामीलाई सुसूचित गरिएको छ. यद्यपि शुरुमा मानिस परमेश्वरसितको सँगतिमा स्वतन्त्रतापूर्वक रहेको थियो, संसारका यावत थोकहरुमाथि उसलाई अधिकार सम्पन्न गरिएको थियो, तर अब ऊ बन्धनमा परेको छ. उसमाथि शैतानको अधिकार भएको छ. त्यसवेलादेखि मानवजाति पापको परिणामले गर्दा अनेक प्रकारका रोग र कष्टहरुका अधीन भएको छ. त्यो

समयदेखि यता मानिस ६ ओटा डरलाग्दा कष्टहरुको अधीनमा परेको छ. ती कष्टहरु मानवजातिले अहिलेसम्म अनुभव नगरेका शरीर, प्राण र आत्मामा उत्पन्न दु:ख र दर्दका कारण बनेको छ.

१. *दोष र दण्ड (निन्दा)*

स्त्री र पुरुष दुवैलाई परमेश्वरले चुनौती दिनुहुंदा तिनीहरुले आफ्नो दोष लुकाउने प्रयत्न गरे. तिनीहरुले आफ्नो दोष एक-अर्कामाथि हाले. अन्तमा गएर त्यो धूर्त सर्पले मात्र आफ्नो दोष स्वीकार गर्ने इच्छा जाहेर गऱ्यो. त्यसवेलादेखि नै मानिसको यो असफलता प्रमाणित भएको छ. यो नै त्यस्तो तत्व हो जसले मानिसहरुलाई एक-अर्कादेखि र परमेश्वरदेखि पनि छुट्ट्याएको छ. हामीले हाम्रो दोष नमानेसम्म कुनै मेल मिलाप सम्भव छैन. परमेश्वरको सामून्ने हाम्रो दोष विकराल भएकोले हामी आफैंनै प्रायश्चित गर्न सक्दैनौं. हाम्रा सबै दोषहरु येशूले धारण गर्नुभएको छ. क्रूसमा उहाँले आफ्नो शरीरमा हाम्रा सबै पापहरु लिनुभएको छ.

२. *शैतानको उत्पीडन*

आफ्नो पतन अगाडि मानिस शैतानको अधिकारभित्र परेको थिएन. परमेश्वरबाट मानिसको बिछोड भएकोले अब ऊ शैतानको दयामा आश्रित छ. तर अब शैतानको एकछत्र अधिकारको क्रूसले अन्त गरिदिएको छ (कलस्सी २:१३-१५).

३. *कष्ट र पीडा*

रोग र कष्टहरु मानिसका निम्ति परमेश्वरबाट आएको हो भनेर हामी बाइबलमा कहीं पनि पाउदैनौं. तिनीहरु त पापका परिणामहरु हुन्. तिनीहरु मानिसको अनाज्ञाकारिताको उपज हो र ती सबैको श्रोत शैतान हो. कष्ट र पीडालाई हाम्रो जीवनमा परमेश्वरले आफ्नो अनुग्रहमा बदल्न सक्नुहुन्न भन्ने अर्थ पनि यो होइन. उहाँले सक्नुहुन्छ, यो प्रष्ट छ. तर उहाँका जनहरुको निमित्त यो नै उत्तम समाधान होइन भन्ने हामीलाई ज्ञान छ. परमेश्वरको सिद्ध राज्यमा त्यस्ता सबै बाहिरी तत्वहरुको परित्याग गरिनेछ. "उहाँका चोटहरुद्वारा तिमीहरुले चंगाई पाएका छौ." (१ पत्रस २:२४).

४. *चिन्ता र फिक्री*

मानिसलाई आजीवन कारावासको दण्ड दिइएको छ (उत्पत्ति ३:१७-१९). जब कि ऊ कुनै कुराको कम्ती नभएको परमेश्वरको बगैंचामा जिइरहेको थियो, त्यहाँ जीवन तथा स्वास्थ्यका निम्ति आवश्यक सबै

कुराहरु थिए. तर अब उसलाई प्रयत्न तथा कठीनाइको जीवन विताउन तोकिएको छ. कांडा त येशूको मुकुट बनाउनमा प्रयोग हुन्थ्यो र यो उहाँले हाम्रो निम्ति लगाउनुभएको छ. आत्माका सबै पीडा र हृदयका चिन्ता फिक्रीहरु जो मानिससँग सम्बद्ध छ र परमेश्वर विनाको संसारमा स्वप्रयत्नमा जिउनमा प्रयत्नशील छ, ती सबै येशूले आफूमा लिनुभएको छ. कांडाको श्रीपेचसम्म पुग्ने येशूको बाटोमा कस्तो विषमता ! किनभने यो उहाँले हाम्रो निम्ति बोक्नुभयो. विश्वासको सामर्थ्यमा हिंडेर परमेश्वरको राज्यमा पुग्न हामी स्वतन्त्र भएका छौं (मत्ती ६:३३-३४).

५. *मृत्यु*

पापको कारणले मानिस जीवनको श्रोतदेखि चुंडिएको (छुट्टिएको) छ. हाम्रो पापको परिणाम मृत्यु भएको छ र हामी सबैको यो साझा समस्या हुन पुगेको छ (रोमी ५:१२). तर शारीरिक मृत्यु नै हाम्रो अन्त हो भनेर बाइबलले भनेको छैन. मानिसको मृत्यु एकचोटी हुन्छ र त्यसपछि उसले परमेश्वरको न्यायको सामना गर्छ (हिब्रु ९:२७-२८). तर येशूको मृत्युदण्डको घोषणा रद्धि भएको छ. उहाँले यो दण्ड हाम्रो निम्ति भोग्नुभएको छ (हिब्रु २:१४-१५).

६. *परमेश्वरसितको त्याग र विछोड*

मानिस अदनको बगैंचाबाट निकालिएको छ र त्यसवेलादेखि ऊ आत्मिक पतितमा गनिएको छ. भित्री हृदयमा ऊ एउटा त्यागिएको प्राणी साबित भएको छ : उसको पापले ऊ र परमेश्वरमा फाटो ल्याइदिएको छ. क्रूसको त्यो दर्दनाक क्रन्दन एउटा परित्यक्त व्यक्तिको चिच्याहट हो, "मेरो परमेश्वर, मेरो परमेश्वर तपाईंले मलाई किन त्याग्नुभयो ?" तपाई र मेरो निम्ति येशू त्यागिनुपर्‍यो, त्यो भन्दा बढी हुनसक्ने अर्को कुनै विकल्प थिएन. किनभने उहाँले हाम्रो पाप बोक्नुभएकोले परमेश्वरको उपस्थितिदेखि उहाँ आफैं बाहिरिनुभयो.

I. उहाँसँगको एकत्व

यी सबै तत्वहरुलाई क्रुसमा आफैंले लिनुभएर तिनीहरुको शक्ति तोड्नुभएको तथ्यलाई क्रूसको सामर्थ्यले प्रष्ट पार्छ. मानिसलाई चुनौती दिने प्रत्येक नकारात्मक तत्वहरुमाथि उहाँले विजय प्राप्त गर्नुभयो. मानिसलाई नाश गर्नका निम्ति उपरोक्त कुराहरुलाई प्रयोग गर्ने शैतानको शक्तिलाई पनि उहाँले नष्ट गर्नुभयो.

हाम्रो जीवनमा क्रूसको कार्यले प्रभाव पार्नुपर्छ, किनभने येशूले क्रूसमा गर्नुभएको अचम्मको काममा आश्चर्यचकित हुनुमात्र पर्याप्त हुँदैन. पवित्र आत्माको सामर्थ्यमा येशूले आफैंलाई हाम्रा निम्ति अर्पण गर्नुभयो (हिब्रु ९:१४). पाप, कष्ट र हामीमा मृत्युको सामर्थ्यमाथि पवित्र आत्मालाई विजय प्राप्त गर्न दिएर हामी कलवरीको साँचो विजयमा प्रवेश गर्छौं.

छ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. अरु धर्म, सिद्धान्त तथा दर्शनहरुदेखि क्रिश्चियन धर्म के कुरामा भिन्न छ ? छलफल गर्नुहोस्.
२. हाम्रो निम्ति येशूलाई क्रूसमा किन मर्नुपऱ्यो ?
३. पीडादायी तथा बेइज्जतिपूर्ण मृत्यु येशूले किन भोग्नुऱ्यो ?
४. येशूले जे गर्नुभयो, उहाँलाई त्यसो गर्न पिताले किन अह्राउनुभयो ? यदि पिताले सबै कुरा नियन्त्रण गर्नुभएको भए यो सबै किन आवश्यक थियो ?
५. के क्रूस इतिहासको केन्द्रविन्दु हो ?
६. क्रूसमा र यसका वरिपरि येशूले गर्नुभएको कामद्वारा शैतान किन परास्त भयो ? मानिसजातिका निम्ति यसको के अर्थ थियो ?
७. नयाँ नियममा हामीले क्रूसको बारेमा पढेको अंशले पुरानो नियममा भनेको कुरालाई संकेत गर्छ कि गर्दैन ? उदाहरणको निम्ति यशैया ५२:१३-५३:१२ पढ्नुहोस.
८. येशूले आफ्नो क्रूस उठाएर पाउनुभएको कष्टमाथि ध्यान दिंदा आफ्नो क्रूस आफैं उठाउनु भनेर उहाँले गर्नुभएको आज्ञालाई कसरी पछ्याउन सक्छौं ? (लूका ९:२३).

ज. सारांश र प्रयोग

१. क्रिश्चियन चेलापनको मुख्य केन्द्र येशूको क्रूस रहेको छ.
२. हाम्रो उद्धारको निम्ति येशूले सबैथोक छोडनुपऱ्यो.
३. कलवरीको क्रूस हाम्रो जीवनमा प्रभावशाली हुनको निम्ति यसको सामर्थ्यलाई हामीले जीवनमा स्वीकार गर्नुपर्छ.
४. येशूको साँचो चेला हुनको निम्ति हामीले आफ्नो क्रूस आफैं बोकेर उहाँको पछि लाग्नुपर्छ.

५. आफ्नो पतनको जिम्मेवार मानिस स्वयं छ तापनि उहाँले आफ्नो छोरा येशूलाई हाम्रो निम्ति कष्ट भोगेर मृत्यु आलिङ्गन गर्न र यसरी हामीलाई दोश्रो मौका दिन उहाँ राजी हुनुभएको छ.